स्थानीय सरकार

**वीरगञ्ज राजपत्र**

वीरगञ्ज महानगरपालिका द्धारा प्रकाशित

खण्ड (२) वीरगञ्ज, असार महिना २१ गते २०७५ साल संख्या संख्या (५)

**भाग– १**

**वीरगञ्ज महानगरपालिका**

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम वीरगंञ्ज महानगरपालिकाको दोस्रो नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

संवत २०७५ सालको ऐन नं – ५

## ऐनको नामः वीरगञ्ज महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

प्रस्तावना:

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा काम गर्नका लागी प्रशासकीय कार्यविधि वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम वीरगंज महानगरपालिकाको दोस्रो नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यो ऐनको नाम वीरगंज महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन वीरगंज महानगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले वीरगंज महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले वीरगंज महानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले वीरगंज महानगरपालिकालाइ सम्झनु पर्छ ।

(ङ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको वीरगंज महानगरपालिकाको नगरसभा सम्झनु पर्छ ।

(च) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. नियम बनाउने अधिकार : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम वीरगंज महानगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त वीरगंज महानगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने: (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही वीरगंज महानगरपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

नगरसभाबाट पारित मिति : २०७५।०३।१८
प्रमाणिकरण मिति: २०७५।०३।२१

आज्ञाले,
डा. भीष्मकुमार भूसाल
प्रमुख प्रशासकीय अधिकृत
वीरगंज महानगरपालिका